# मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
३ नं. प्रदेश, नेपाल

### ढुङ्गा, बालुवा, गिट्टी एवं रोडा विक्रि र शुल्क संकलन गर्ने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी ३० दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०५/२९

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा व्यवस्था भए अनुसार देहाय बमोजिमका अन्तरिक आय संकलनको (ठेक्का बन्दोबस्त) कार्य स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र गाउँ कार्यपालिकाको निर्णय अनुसार उल्लेखित न्यूनतम् ठेक्का अंकमा नघट्ने गरी आ.व. ०७५/०७६ (असार मसान्त सम्म) को लागि ठेक्का बन्दोबस्ता गर्नु पर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म (अनिवार्य रुपमा मू.अ. कर र पानमा दर्ता भएका) हरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र तपसिलमा उल्लेखित अनुसार कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र यस कार्यलयमा दर्ता गर्न हुन अनुरोध छ ।

तपसिल

| आय ठेक्का नं. | ठेक्का सम्बन्धी विवरण | संकलन र विक्रि गर्न पाउने अधिकतम परिमाण (बार्षिक) क्यु. फिट | घाट गद्धि संकलन र विक्रि गर्न पाउने सहित प्रति क्यु. फिट | | संकलन तथा विक्रि शुल्क बापत हुने कुल न्यूनतम अंक (भ्याट र कर बाहेक) | बोलपत्र रकम | धरौटी रकम | दुई वटा बोलप खरिद गर्ने अन्ति मिति |
|---|---|---|---|---|---|---|---|---|
| ०२/०७५/०७६ | Package No. 1 | | संकलन | विक्रि | | | | |
| मरिण खोला | | ६७५०० | ३ | ६ | ४७,२५,०००।- | ३०००।- | कबोल अंक को ५ % | ३० औं दिन कार्यालय सम भित्र |
| | Package No. 2 | | | | | | | |
| अन्य खोलाहरु | | ६७४८७ | ३ | ६ | ४७,२४,०९०।- | ३०००।- | कबोल अंक को ५ % | ३० औं दिन कार्यालय सम भित्र |

### ठेक्का सम्बन्धी शर्तहरु

(१) उल्लेखित एबअपबनभ ल्य। ज्ञर एबअपबनभ ल्य। द्द ठेक्काको बोलपत्रहर फाराम खरिदको लागि यस गाउँपालिकाको राजश्व शाखाबाट बोलपत्र दस्तुर वापत काटिएको नगदी रसिद, आ.व. ०७४/०७५ मा फर्म वा कम्पनीको नविकरण भएको व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी नम्बरको प्रमाण-पत्र र मू.अ. कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि सहित ३० औं दिन सम्म कार्यालय समय भित्र छुट्टा छुट्टै बोलपत्रहरु खरिद गर्न सकिने छ ।

(२) बोलपत्रमा आधिकारिक व्यक्तिले सहि छाप गरि प्रत्येक प्याकेजको छुट्टा छुट्टै शिलबन्दी सहित बोलपत्र भरी तोकिएको समय भित्र पेश गर्नु पर्नेछ ।

(३) कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

(४) खरिद भएका बोलपत्रहरु खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ ।

(५) धरौटी बापतको कवोल अंकको नेपाली भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत रकम यस कार्यालयको रा.वा. बैंकको धरौटी खाता नं. १०६०३०३००७१०४ मा नगद जम्मा गरेको सक्कल भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (विड बन्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरि पेश गर्नु पर्ने छ । उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त धरौटी रकम प्रचलित ऐन, नियम अनुसार फिर्ता गरिने छ ।

(६) बोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको दिनमा क्रमश: गरिने छ । रितपूर्वक पेश भएका टेण्डर दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि एवं ठेकेदारहरुको रोहबरमा मरिण गाउँ कार्यापालिकाको कार्यालय, कपिलाकोट, सिन्धुलीमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि टेण्डर खोल्न सकिने छ ।

(७) बोलपत्र दाखिला गर्दा फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बरको प्रमाण-पत्र, आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाण-पत्र र मू.अ. कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि र खरिद कारवाहीमा भाग लिन योग्य भएको तथा सो सम्बन्धमा कुनै कारवाहीमा नपरेको व्यहोराको स्व:घोषणा-पत्रको सक्कल प्रति समेत बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

(८) बोलपत्र फारामहरुमा अंक र अक्षर केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकालाई मान्यता दिइने छ । म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

(९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छैन ।

(१०) कुल ठेक्का अंक सम्झौता गर्नु अगावै नगद दाखिला गर्नु पर्ने छ । एक मुष्ठ रकम नवुझाएमा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाउमा जारी गरेको ०७६ साल अषाढ मसान्तसम्म म्याद भएको बैंक ग्यारेण्टी (परफरमेन्सवण्ड) ठेक्का सम्झौता गर्दा पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरि चलान पूर्जि दिईनेछ ।

(११) बोलपत्र स्वीकृत भएपछी बाटोको म्याद वाहेक सूचना प्राप्त भएको वा घर दैलोमा सूचना टाँस भएको मितिले १५ दिन भित्र ठेक्का पट्टा वा चलानी पूर्जी लिन आउन पर्ने छ । नआएका वा दाखिला गर्नु रकम दाखिला नगरेमा तोकिए बमोजिमको परफरमेन्सवण्ड र अन्य आवश्यक पर्ने कागजातहरु पेश गर्न नसकेमा धरौटी रकम जफत गरिनेछ ।

(१२) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखि कर उठाउन पाईने छैन ।

(१३) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाह सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

(१४) ढुङ्गा, बालुवा, गिट्टी झिक्नु पर्ने स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नु पर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नु पर्ने छ। ढुङ्गा, बालुवा, गिट्टी लिन कुनै व्यक्ति वा निकायको निजि जग्गा वा वन क्षेत्र भएर जानु पर्ने भएमा सम्बन्धीत व्यक्ति वा निकायको स्वीकृत लिएर गर्नु परेमा स्वयं ठेकेदारले लिनु पर्ने छ ।

(१५) ढुङ्गा, बालुवा, गिट्टी स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित सुझाव अनुरुप मात्र निकाल्नु पर्ने छ ।

(१६) घाटको सिमाना, IEE प्रतिवेदनका सुझाव, दररेट एवं अन्य ठेक्का सम्बन्धी केही बुझ्नु परेमा कार्यालय समयमा कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।

(१७) पुल, कल्भर्ट, कज्वे, सडक, बाटो, कुलो तथा सार्वजनिक निर्माण स्थलबाट तल माथि ५०० मि. भित्र ढुङ्गा, बालुवा, गिट्टी आदी निकाल्न पाइने छैन ।

(१८) नदी खोलाको घाट वा आकृती विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेका ढुङ्गा तोड्न वा फोड्न पाइने छैन । साथै ढुङ्गा, वालुवा, गिट्टी झिक्न मेसिनरी औजारको पूर्णरुपले बन्देज लगाईएको छ । (यस सम्बन्धमा कुनै विवाद आएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुने छ)

(१९) नेपाल सरकार, जिल्ला अनुगमन समिति तथा यस कार्यालयले ठेक्का संचालन सम्बन्धमा समय-समयमा दिईएका नीति निर्देशनहरु ठेकेदारले पूर्ण रुपमा पालना गर्नु पर्ने छ ।

(२०) भिजेको चिसो बालुवाबाट पानी बगी बाटो विगार्ने भएकोले चिसो बालुवा ढुवानीमा पूर्ण रोक लगाईएको छ । सुख्खा बालुवा छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्ने छ । खोलाबाट उत्खनन गरिएका ढुङ्गा, बालुवा, गिट्टी घाट वृद्धि गरे पश्चातमात्र विक्रि विवरणको प्रवन्ध मिलाउनु पर्ने छ ।

(२१) घाट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नु पर्ने छ ।

(२२) बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य तालिका पेश गर्नु पर्ने छ ।

(२३) कामदारहरुका लागि प्राथमिक उपचार, मास्क, हेल्मेट आदीको व्यवस्थापन साथै कामदारको आवश्यक बीमा गराउने कार्य स्वयं व्यक्ति/फर्मले नै गर्नु पर्ने छ ।

(२४) बोलपत्रमा संलग्न विवरण अनुसार नबढ्ने गरी ढुङ्गा, बालुवा, गिट्टी निकाल्नु पर्ने छ । नेपाल सरकारले रोक लगाएको अवधिमा नदी/खोला/खोल्सावाट संकलन गर्न पाइने छैन ।

(२५) स्वीकृत IEE को प्रतिवेदनमा उल्लेख भएका प्रावधानलाई समेत आधार मानी उल्लेखित रकममा नघट्ने गरी संकलन र विक्रि गर्नु पर्नेछ ।

(२६) यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुलीमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

(२७)आयकर १.५ र मू.अ. कर १३ प्रतिशत ले हुने रकम किस्ता बुझाउँदा दामाशाहीले यस कार्यालयमा नै ठेकेदारले बुझाउनु पर्ने वा सम्बन्धीत आन्तरीक राजश्व कार्यालयमा कर रकम समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

२०७५।८।२९

नारायण न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत